बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

*बैठक संख्या: १७*

*श्री*

आज मिति २०८० साल बैशाख १४ गते विहान २:३० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वड़ा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री कृष्ण बहादुर थापा क्षेत्री | |
| २९. | | श्री पिताम्बर खापकारी | |
| ३०. | | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. नागरिक मत सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।

३. जग्गाको वर्गीकरणको अन्तिम प्रतिवेदन सम्बन्धमा ।

४. विविध

(क) योजना माग सम्बन्धमा ।

(ख) लुम्बिनी प्रदेशको प्रवेशद्धारको अन्तिम प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

निर्णय :

निर्णय नं. १:

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो ।

निर्णय नं. २

- बर्दघाट नगरपालिकाको नागरिक मत सर्वेक्षण गर्ने जिम्मा पाएको परामर्शदाता संस्था श्री Sharecast Data Initiative प्रा. लि. ललितपुरले तयार गरेको नागरिक मत सर्वेक्षण सम्बन्धि अन्तिम प्रतिवेदन स्वीकृत गर्ने र सम्झौता वमोजिमको रकम भुक्तानी दिने ।

निर्णय नं. ३

- भू-उपयोग ऐन, २०७६ को दफा ४ तथा भू-उपयोग नियावली, २०७९ को अनुसूची-१ वमोजिम यस नगरपालिका क्षेत्रभित्रका जग्गाहरुको भू-उपयोग क्षेत्र वर्गीकरण गर्न यस नगर कार्यपालिकाको मिति २०७९/१०/०९ को बैठकको निर्णयानुसार स्वीकृत भएको मापदण्ड अनुसार सम्पूर्ण जग्गाहरुको कित्ता अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्दा यस नगरपालिकासँग भएको भूमि अधिकार तथा मालपोत कार्यालय र नापी कार्यालयबाट प्राप्त कम्प्यूटरकृत अभिलेखलाई आधार मानिएकोमा कतिपय कित्ताहरु छुट हुन गएका कित्ताहरुको सन्दर्भमा यस नगरपालिकाको मिति २०७९/१०/०९ गतेको निर्णयानुसार स्वीकृत भएको मापदण्ड वमोजिम जुन कित्ता जुन मापदण्डभित्र पर्दछ सोहीनुसारको भू-उपयोग क्षेत्र वर्गीकरण गरिएको छ । यस्ता कित्ताहरुको श्रेष्ता पुर्जामा भू-उपयोग क्षेत्र वर्गीकरण जनाउन सम्बन्धित वडाले आवश्यक्ता अनुसार नगरपालिकासँग समन्वय र प्राविधिक सहयोग समेत माग गरि भूमिसुधार तथा मालपोत कार्यालयमा सिफारिस गरि पठाउने र आफुले सिफारिस गरि पठाएका यस्ता कित्ताहरु को लगत्तै बस्ने नगर कार्यपालिकाको बैठकमा पेश गरि अनुमोदन समेत गराउने ।
- भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली २०७९ बमोजिम यस वर्दघाट नगरपालिका बाट तयार पारिएको भू-उपयोग क्षेत्र वर्गिकरणका आधार तथा मापदण्डको आधारमा तयार गरिएको भू-उपयोग क्षेत्र वर्गीकरणलाई वडागत रुपमा केही नक्सा/कित्ता छुट भई पुनःसमावेश भई आएको अन्तिम प्रतिवेदन स्वीकृत गर्ने ।

बर्दघाट नगरपालिका
नगरपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

निर्णय नं. ४ विविध

(क) आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेटमां यस नगरपालिकालाई ट्रमा सेन्टर निर्माणको लागि रु ४ करोड रकम विनियोजन भएनुसार बर्दघाट नगरपालिकामा आयोजना कार्यान्वयन तर्फ अगाडि बढिरहेको हुदा आयोजना सम्पन्न गर्नका लागि आर्थिक वर्ष २०८०/०८१ को बजेटमा रु १५ करोड विनियोजन गरी आयोजनालाई निरन्तरता दिन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने ।

(ख) यस नगरपालिका अन्तर्गत रहेका देहायका पक्कि सडकहरु बर्षायामको अविरल बर्षाका कारण जीर्ण भई स्कुल कलेज पढ्ने विद्यार्थीहरु आवतजावत गर्न कठिनाइ भएको साथै यस कार्यालयको सिमित श्रोत र साधनबाट चालु आर्थिक वर्षमा मर्मत गर्न नसकिएकोले उक्त सडक मर्मतको लागि सडक वोर्ड नेपालमा मर्मत गर्न बजेट माग गर्ने ।

तपशिल

| क्र. सं | योजना तथा कार्यक्रम | संचालन स्थल | बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | लण्डनब्रिजदेखि अलावल सम्म सडक मर्मत | १० | १ करोड २० लाख | |
| २ | शान्तिचोकदेखि घलेचोक सम्म सडक मर्मत | १६ | १ करोड ३० लाख | |
| ३ | बर्दघाटदेखि वाढिपीडित उद्योग वाणिज्य संघको कार्यालय सम्म सडक मर्मत | ४ | १ करोड ४० लाख | |

(ग) यस नगरपालिका अन्तर्गत रहेका देहायका पक्कि सडकहरु बर्षायामको अविरल बर्षाका कारण जीर्ण भई स्कुल कलेज पढ्ने विद्यार्थीहरु आवतजावत गर्न कठिनाइ भएको साथै यस कार्यालयको सिमित श्रोत र साधनबाट चालु आर्थिक वर्षमा मर्मत गर्न नसकिएकोले उक्त सडक मर्मतको लागि आगामी आर्थिक वर्ष २०८०/०८१ को योजनामा समावेश गर्न सडक वोर्ड नेपालमा अनुरोध गर्ने।

| क्र. सं | योजना तथा कार्यक्रम | संचालन स्थल | बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | भुताहा महेशपुर सडक (वडा नं ९ र सरावल गाउँपालिका जोड्ने १६ कि.मि) | ९ र सरावल | ५ करोड २० लाख | |

(घ) बर्दघाट नगरपालिका अन्तर्गत पूर्व-पश्चिम लोकमार्गको दाउन्ने पहाडमा अवस्थित पूर्वी सीमानामा पर्ने लुम्बिनी प्रदेशको पूर्वी प्रवेशद्वार निर्माण गर्न भनि श्री रचनात्मक इन्जिनियरिङ्ग कन्सल्टेन्सी सर्भिसेज प्रा. लि. ले तयार गरेको लुम्बिनी प्रदेशको पूर्वी प्रवेशद्वार निर्माणको Detailed Design and Cost Estimate स्वीकृत गर्ने र सम्झौता वमोजिमको रकम भुक्तानी दिने।